# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १६ | काठमाडौं | शनिबार, २६ वैशाख २०८३ | Prabhab National Daily | Saturday, 9 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## सुकुमबासी बस्ती खाली नगर्न सरकारलाई सर्वोच्चको आदेश



- सुकुमबासी र अव्यवस्थित बसोबासीहरूलाई निजहरु बसोवास गरिरहेको स्थानबाट जबरजस्ती नहटाउन आदेश
- विस्थापितहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्नसमेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने गराउने थप प्रभावकारी व्यवस्था मिलाउन निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नदी किनार र सार्वजनिक जग्गामा रहेका बस्ती खाली गराउने सरकारको अभियानमा सर्वोच्च अदालतले रोक लगाएको छ । सर्वोच्चले शुक्रबार सुकुमबासी बस्ती खाली नगर्न अन्तरिम आदेश जारी गरेको हो ।

गोपाल रन पहलीसमेत ११ जनाले बस्ती खाली गर्ने सरकारी कदमविरुद्ध दर्ता गरेको रिटमा शुक्रबार सर्वोच्चका न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डेको संयुक्त इजलासले अन्तरिम आदेश जारी गरेको हो । काठमाडौंका नदी किनारका सुकुमबासी बस्ती खाली गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौं र काठमाडौं महानगरपालिकाले जारी गरेको सूचनाविरूद्ध रिट निवेदन दायर भएको थियो ।

सुकुमबासी र अव्यवस्थित बसोबासीहरूलाई निजहरू बसोवास गरिरहेको स्थानबाट जबरजस्ती नहटाउन सर्वोच्चको आदेशमा उल्लेख छ । राष्ट्रिय मानवअधिकार आयोगलेसमेत विस्थापित एवं अव्यवस्थित बसोवासीहरू समस्यामा रहेको भनी औंल्याएको अवस्थामा विस्थापितहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्नसमेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने गराउने थप प्रभावकारी व्यवस्था मिलाउन भनिएको छ ।

'सुकुमबासी र अव्यवस्थित बसोबासीहरूलाई निजहरू बसोवास गरिरहेको स्थानबाट विस्थापन गरी अन्यन्त्र व्यवस्थापन गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया अवलम्बन नगरी निजहरूको बासस्थानबाट हटाउँदा, शिक्षा, स्वास्थ्य, आवास लगायतका हकमा हुन जाने अपूरणीय क्षति एवं उत्पन्न हुन सक्ने मानवीय संकट समेतलाई दृष्टिगत गरी सो सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नम्बर ९१ मा उल्लिखित मापदण्ड एवं प्रक्रिया र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नम्बर ४१२ मिति...

क्रमशः पृष्ठ २ मा

## विज्ञापनसम्बन्धी विभेदकारी निर्णय फिर्ता लिन आइएफजेको आग्रह

### नेपाल सरकारको निर्णय संविधानको मर्म र भावना, बहुलवाद, संघीयता, समानता, प्रेस स्वतन्त्रता र सूचनाको हकको विरुद्धमा रहेको ठहर

- सरकारी विज्ञापनहरु सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने गरी प्रधानमन्त्री कार्यालयबाट जारी गरिएको निर्देशनप्रति चिन्ता व्यक्त
- उक्त निर्देशनले सम्पादकीय स्वतन्त्रता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र समग्र पत्रकारिताको स्वायत्ततामा प्रतिकूल असर पार्ने
- सरकारको यस निर्णयले स्वतन्त्र सञ्चारमाध्यमको आर्थिक दिगोपना, नेपाली पत्रकारहरूको जीविकोपार्जन र सुलभ समाचार तथा सूचनामा जनताको पहुँचको अधिकारमा प्रत्यक्ष नकारात्मक असर पार्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) ले विज्ञापनसम्बन्धी विभेदकारी निर्णय फिर्ता लिन नेपाल सरकारलाई आग्रह गरेको छ । निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय फिर्ता लिन चौतर्फी दबाबमा परेको सरकारलाई आइएफजेले यस्तो आग्रह गरेको हो ।

फ्रान्सको पेरिसमा सम्पन्न आइएफजेको विश्व सम्मेलनले सबै तहको सरकारी विज्ञापन राज्य नियन्त्रित सञ्चारमाध्मलाई मात्र दिने भनी गत चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेको विभेदकारी निर्णय तत्काल फिर्ता लिन नेपाल सरकारलाई आग्रह गरेको नेपाल पत्रकार महासंघले जानकारी दिएको छ ।

आइएफजेको विश्व सम्मेलन, पेरिस (४-७ मे, २०२६) मा नेपाल पत्रकार महासंघ र अन्तर्राष्ट्रिय पत्रकार महासंघ, एसिया प्रशान्त क्षेत्रद्वारा प्रस्तावित निम्न प्रस्तावलाई सम्मेलनले अति जरुरी प्रस्तावका रूपमा पास गरेको शुक्रबार नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले प्रेस विज्ञप्तिमार्फत जानकारी दिए ।

'सरकारी खर्चमा कटौती गर्ने बहानामा नेपालको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट २०८२ चैत १८ गते सबै तहका सरकारी विज्ञापनहरू सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने गरी जारी गरिएको निर्देशनप्रति यो सम्मेलन गहिरो चिन्ता व्यक्त गर्दछ,' सम्मेलनबाट पारित प्रस्ताव तथा संकल्पमा भनिएको छ, 'नेपाल पत्रकार महासंघको कडा विरोधलाई आत्मसात् गर्दै, यो निर्देशनले सम्पादकीय स्वतन्त्रता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र समग्र पत्रकारिताको स्वायत्ततामा प्रतिकूल असर पार्ने कुरालाई यो सम्मेलन स्वीकार गर्दछ ।'

क्रमशः पृष्ठ २ मा

### आइएफजेको सम्मेलनबाट पारित संकल्प:

- राज्यको विज्ञापन विनियोजनमा हुने विभेदकारी निर्णयको विरूद्धमा नेपाल पत्रकार महासंघले गरिरहेको विरोधलाई पूर्ण समर्थन गर्ने ।
- नेपाल सरकारलाई आफ्नो नीति तत्काल फिर्ता लिन र सबै सञ्चारमाध्यमका लागि सार्वजनिक विज्ञापनमा समान पहुँच सुनिश्चित गर्न आग्रह गर्ने ।
- प्रेस स्वतन्त्रताको संवैधानिक ग्यारेण्टीको संरक्षण गर्न, कानुनी र नियामक शक्तिहरूको दुरुपयोग रोक्न र मिडियाको स्वतन्त्रतालाई कमजोर बनाउने वा अभिव्यक्ति स्वतन्त्रतालाई प्रतिबन्धित गर्ने गरी कानुन बनाउन वा संशोधन नगर्न सरकारलाई आह्वान गर्ने ।
- सञ्चार क्षेत्रसँग सम्बन्धित राज्यका सबै कार्यहरु पारदर्शिता, समानता, गैरविभेद र लोकतान्त्रिक मान्यताहरूको सम्मानद्वारा निर्देशित हुनुपर्ने माग गर्ने ।

**सन्दर्भ: वैदेशिक रोजगार**

## पश्चिम एसियाको युद्धले आश्रित परिवारमा बढ्यो असुरक्षा

पश्चिम एसियाबाट आउने विप्रेषणमा कमी आउन थालेको छ । उक्त क्षेत्रमा रहेका करिब १८ लाख नेपालीको सन्दर्भमा उनीहरूका आश्रित परिवारलाई आफन्तको जीवनको रक्षा तथा निजको रोजगारी गुम्न सक्ने दोहोरो त्रास भएको छ ।

■ रामकाजी खड्का
सहसचिव, परराष्ट्र मन्त्रालय



■ प्रभाव संवाददाता

**काठमाडौं–** पश्चिम एसियामा जारी युद्धले नेपाली समाजमा विभिन्न प्रभावहरू पारेको पाइएको छ । परराष्ट्र मन्त्रालयले आफ्नो नियमित 'प्रेस ब्रिफिङ'मार्फत शुक्रबार रोजगारीमा गएका श्रमिकको आश्रित परिवारमा असुरक्षा बढेको जनाएको छ ।

परराष्ट्रमन्त्रीको संयोजकत्वमा गठित पश्चिम एसियाली संकट र नेपालमा त्यसको प्रभाव सम्बन्धमा अध्ययन गर्न गठित अन्तरमन्त्रालय उच्चस्तरीय कार्यदलको प्रतिवेदनले विभिन्न समस्याहरू देखाएको मन्त्रालयका सहसचिव रामकाजी खड्काले बताए । करिब १८ लाख नेपाली रोजगारीमा गएको क्षेत्रमा युद्ध चर्किंदा यसले मुलुकको विप्रेषण आप्रवाहदेखि आश्रित परिवारमा सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक त्रास बढाएको खड्काले बताए ।

'पश्चिम एसियाबाट आउने विप्रेषणमा कमी आउन थालेको छ । उक्त क्षेत्रमा रहेका करिब १८ लाख नेपालीको सन्दर्भमा उनीहरूका आश्रित परिवारलाई आफन्तको जीवनको रक्षा तथा निजको रोजगारी गुम्न सक्ने दोहोरो त्रास भएको छ,' उनले भने, 'यसले मनोवैज्ञानिक असर बढाएको छ । गरिबीको रेखामुनिबाट भर्खर उक्सिएका परिवार पुनः गरिबीको दुश्चक्रमा पर्ने जोखिम बढेको छ ।'

उक्त प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा यही वैशाख २३ गते पेस गरिएको जनाइएको छ । खाडीको रोजगारीमा असर पर्दा विद्यालय जाने उमेरका बालबालिकाहरू शिक्षाको अवसरबाट वञ्चित हुनसक्ने, कतिपय परिवार ऋणको पासोमा पर्ने जोखिम बढेको, घरपरिवारको बचत न्यून हुनेजस्ता जोखिम बढेको खड्काले बताएका छन् । पश्चिम एसियाका संयुक्त अरब इमिरेट्स (युएई), कतार, साउदी, बहराइन, ओमानलगायतका मुलुक नेपालीहरूको प्रमुख रोजगार गन्तव्यमा पर्छन् ।

क्रमशः पृष्ठ २ मा

## आइएलओ प्रोटोकल अनुमोदनका लागि संसद्मा प्रस्ताव लगिंदै

**काठमाडौं (प्रस)–** सरकारले अन्तर्राष्ट्रिय श्रम संगठनको बाध्यकारी श्रम महासन्धि १९३० सम्बन्धी २०१४ को प्रोटोकल नम्बर २९ र १९४७ को नम्बर ८१ अनुमोदनका लागि संघीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गरेको छ । शुक्रबार मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले आइएलओका प्रोटोकल अनुमोदन भएपछि अन्तर्राष्ट्रिय श्रम मापदण्ड र श्रम निरीक्षण प्रणालीलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने बताए ।

शुक्रबारको मन्त्रिपरिषद् बैठकले विदेशस्थित १५ जना अवैतानिक वाणिज्य दूत तथा काउन्सिलरहरूलाई पदमुक्त गर्ने निर्णय पनि गरेको छ । परराष्ट्र मन्त्रालयको प्रस्तावमा विदेशस्थित १५ अनररी कन्सुलर जनरल तथा कन्सुलरलाई पदमुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता पोखरेलले बताए ।

जिम्मेवारीमुक्त भएकाहरू अमेरिकाको क्यालिफोर्निया, मासाच्युसेट्स, अस्ट्रेलियाको मेलबर्न, सिड्नी, न्युजिल्यान्ड, मलेसियाको क्याङ भ्याली, इन्डोनेसियाको जकार्ता, इजरायलको रोहोभोत सिटी, साइप्रसको निकोज्या, स्लोभेनिया, माल्टाका आदि रहेका छन् ।

## खुला प्रतिस्पर्धाबाट उपकुलपति छनोट गरिँदै

### आठ वटा विश्वविद्यालयका लागि दरखास्त खुल्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले विभिन्न विश्वविद्यालयमा रिक्त उपकुलपतिको पदपूर्ति प्रक्रिया अगाडि बढाएको छ । उपकुलपति सिफारिस गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गठन गरेको उपकुलपति छनोट तथा सिफारिस समितिले शुक्रबार आठ वटा विश्वविद्यालयका लागि दरखास्त आह्वान गरेको हो ।

समितिले इच्छुक तथा योग्य उम्मेदवारलाई १० दिनभित्र दरखास्त दिन आह्वान गरेको छ । समितिले त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयको रिक्त उपकुलपतिका लागि आवेदन माग गरेको हो । समितिले 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको 'वेबसाइट'मा राखेको छ ।

### उपकुलपतिका लागि आवश्यक योग्यता

- ४० वर्ष उमेर पुगेको हुनुपर्ने
- कम्तीमा विद्यावारिधि उपाधिप्राप्त
- सम्बन्धित विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको
- कुनै राजनीतिक दलको सदस्य नरहेको
- लेख-प्रकाशनमा बौद्धिक चोरी नगरेको
- अनुसन्धान र प्राज्ञिक क्षेत्रमा १० वर्षको अनुभव भएको
- शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापनसम्बन्धी सीप तथा कौशल प्रदर्शन गरेको
- लुम्बिनी बौद्ध विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपतिका हकमा सम्बन्धित विषयमा विद्यावारिधि भएको

सरकारले हालै 'सार्वजनिक पदाधिकारीहरूको पदमुक्तिसम्बन्धी विशेष अध्यादेश, २०८३' जारी गरेसँगै ती विश्वविद्यालयका उपकुलपति पदमुक्त भएका थिए । मन्त्रालयले रिक्त उपकुलपति पदमा खुला प्रतिस्पर्धाबाट नियुक्तिका लागि नयाँ कार्यविधि जारी गरेको हो ।

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## विज्ञापनसम्बन्धी...

राज्यको विज्ञापन विनियोजनले सरकारी सञ्चारमाध्यमलाई आर्थिक रूपमा बलियो बनाउन सके पनि यसले सूचना प्रवाहमा एकाधिकार कायम गर्ने र सञ्चार क्षेत्रमा सरकारी नियन्त्रण बढाउने कुरामा उक्त सम्मेलनले गम्भीर चासो व्यक्त गरेको छ। 'विज्ञापन धेरै सञ्चारमाध्यमहरूको आम्दानीको प्राथमिक स्रोत रहेको तथ्यलाई हृदयंगम गर्दै, सरकारको यस निर्णयले स्वतन्त्र सञ्चारमाध्यमको आर्थिक दिगोपना, नेपाली पत्रकारहरूको जीविकोपार्जन र सुलभ समाचार तथा सूचनामा जनताको पहुँचको अधिकारमा प्रत्यक्ष नकारात्मक असर पार्ने देखिन्छ,' सम्मेलनको निष्कर्ष छ।

नेपाल पत्रकार महासंघले यस निर्णयलाई संविधानको मर्म र भावना, विशेषगरी बहुलवाद, संघीयता, समानता, प्रेस स्वतन्त्रता र सूचनाको हकको विरुद्धमा रहेको भनी उल्लेख गरेको छ। साथै, नेपालमा सञ्चार विकासको मूल्यांकन (२०११-१३) मार्फत युनेस्को मिडिया विकास सूचकांक (२००८) प्रति नेपालको प्रतिबद्धतालाई पुनः स्मरण गर्दै सञ्चारमाध्यमलाई निष्पक्ष पारदर्शी र स्वतन्त्र रूपमा सरकारी विज्ञापन प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ र विज्ञापनलाई सम्पादकीय सामग्री प्रभावित पार्न वा सञ्चारमाध्यमलाई पुरस्कृत वा दण्डित गर्न प्रयोग गरिनु हुँदैन भनी स्पष्ट उल्लेख गरेको पनि विज्ञप्तिमा जनाइएको छ। 'प्रेस स्वतन्त्रतालाई थप कुण्ठित पार्न सक्ने कानुनी र संवैधानिक सुधारका मस्यौदाहरू, सरकारी स्रोतहरूमा विभेदकारी पहुँच, र यस्ता कदमहरूले नेपालको लोकतान्त्रिक जवाफदेहिता र सञ्चार क्षेत्रको विविधतामा पार्न सक्ने व्यापक असरप्रति यो सम्मेलन गम्भीर चिन्ता प्रकट गर्दछ,' विज्ञप्तिमा उल्लेख छ।

आइएफजेको शताब्दी सम्मेलनले राज्यको विज्ञापन विनियोजनमा हुने विभेदकारी निर्णयकोविरुद्धमा नेपाल पत्रकार महासंघले गरिरहेको विरोधलाई पूर्ण समर्थन गर्ने, नेपाल सरकारलाई आफ्नो नीति तत्काल फिर्ता लिन र सबै सञ्चारमाध्यमका लागि सार्वजनिक विज्ञापनमा समान पहुँच सुनिश्चित गर्न आग्रह गर्ने संकल्प गरेको छ।

यसैगरी, प्रेस स्वतन्त्रताको संवैधानिक ग्यारेण्टीको संरक्षण गर्न, कानुनी र नियामक शक्तिहरूको दुरूपयोग रोक्न र मिडियाको स्वतन्त्रतालाई कमजोर बनाउने वा अभिव्यक्ति स्वतन्त्रतालाई प्रतिबन्धित गर्ने गरी कानुन बनाउन वा संशोधन नगर्न सरकारलाई आह्वान गर्ने, सञ्चार क्षेत्रसँग सम्बन्धित राज्यका सबै कार्यहरू पारदर्शिता, समानता, गैरविभेद र लोकतान्त्रिक मान्यताहरूको सम्मानद्वारा निर्देशित हुनुपर्ने माग गर्ने संकल्पसमेत सम्मेलनले गरेको महासंघको विज्ञप्तिमा उल्लेख छ। उक्त सम्मेलनमा महासंघको प्रतिनिधित्व अध्यक्ष निर्मला शर्माले गरेकी थिइन्।

■■■

## पश्चिम एसियाको...

पछिल्लो समय भने उक्त क्षेत्रमा छिटफुट घटनाबाहेक समग्र स्थिति शान्तिपूर्ण बन्दै गएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए। द्वन्द्वरत मुलुकबीच दिगो शान्तिका लागि समझदारी बन्दै गएकाले नेपालीहरूको अवस्था सामान्य रहेको उनको भनाइ छ।

इरानमा रहेका ११ जना नेपालीमध्ये स्वेच्छिकरूपमा तेहरानमै रहेका १० जना सुरक्षित रहेको जनाइएको छ। त्यसमध्ये नेपाल फर्किन चाहेका दुई जनाले पनि टिकट रद्द गरेर तेहरानमै रहेको जानकारी प्राप्त भएको क्षेत्रीले बताए। इरानको कब्जामा रहेका नेपाली नागरिक अमृत झाको रिहाइका लागि भने केही समय लाग्ने प्रवक्ता क्षेत्रीले बताए। 'अमृत झाको रिहाइको विषय प्रक्रियामै रहेको छ। इरानको विषम अवस्था र त्यहाँको न्यायिक प्रणालीअन्तर्गत केही कानुनी प्रक्रिया बाँकी नै रहेकाले केहि समय लाग्ने देखिएको छ,' उनले भने।

मध्यपूर्वबाट मन्त्रालयको अनलाइन दर्ता प्रणालीमा नाम दर्ता गराउनेहरूको संख्या पनि न्यून हुँदै गएको पाइएको छ। मन्त्रालयका अनुसार पछिल्लो १५ दिनमा ३२ जनालेमात्र नाम दर्ता गराएका छन्। हालसम्म नाम दर्ता गराउनेहरू ८७ हजार ५५१ जना पुगेको तथ्यांक छ।

विदेशस्थित नेपाली नियोगहरूले मुलुक भित्रने विप्रेषणलाई वैधानिक माध्यमबाट भित्र्याउन प्रयास गरिरहेको पनि मन्त्रालयले कार्यक्रममार्फत जानकारी दिएको छ। यसका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, विदेशबाट नेपालमा पैसा पठाउने या नेपालको पैसा विदेशमा लग्दा बैंकिङ कारोबार गर्न दूतावासका वेबसाइटहरूमा जनचेतनामूलक सामग्री राख्नेलगायतको कार्यहरू भइरहेको प्रवक्ता क्षेत्रीले बताए। नियोगहरूले कसैले अवैध कारोबार गरेको थाहा पाए जानकारी गराउन पनि आग्रह गरेका छन्।

यसका साथै, विदेशमा रहेका नेपालीहरूका लागि कन्सुलर सेवा विभागले आगामी साताबाट एप सञ्चालनमा ल्याउने पनि जानकारी गराएको छ। उक्त एपबाट श्रमिकहरूले कानुनी तथा कन्सुलर सेवा लिन सक्ने, राहत, क्षतिपूर्ति, बिमा आदि पाउन सहयोग गर्ने जनाइएको छ।

■■■

## सुकुमबासी बस्ती...

२०८३/०१/१७ को सबै नगरपालिका र गाउँपालिकाको नाउँमा जारी परिपत्र एवं गृह मन्त्रालयको चलानी नम्बर ६५० मिति २०८३/०१/१७ को पत्रबाट निर्दिष्ट चरणबद्ध प्रक्रिया अवलम्बन नगरी सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई जबरजस्ती बस्तीबाट हटाउने वा विस्थापित गर्ने कार्य नगर्नू नगराउनू,' अन्तरिम आदेशमा भनिएको छ।

साथै, विस्थापित सुकुमबासी एवं अव्यवस्थित बसोबासीहरूको हकमा निजहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्नसमेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने गराउने थप प्रभावकारी कार्य गर्ने गराउन पनि विपक्षीहरूलाई आदेश गरिएको छ।

वालेन्द्र शाह नेतृत्वको सरकारले यही वैशाख १२ गतेदेखि काठमाडौं विभिन्न नदी किनार र सार्वजनिक जग्गामा निर्माण गरिएका घर टहरा तथा संरचनाहरू हटाउने अभियान थालेको थियो। थापाथलीस्थित बागमती नदी किनारको सुकुमबासी बस्तीबाट सुरु गरेको अभियानअन्तर्गत गैरीगाउँ, सिनामंगल, मनोहराहुँदै काठमाडौंका अधिकांश स्थानमा डोजर चलाएर बस्ती खाली गराइएको थियो। यस क्रममा हजारौं घरपरिवार विस्थापित भएका छन्। विस्थापित परिवारलाई विभिन्न होल्डिङ सेन्टरमा राखेको सरकारले दीर्घकालीन व्यवस्थापनको योजना सार्वजनिक गर्न सकेको छैन। विनायोजना बस्ती खाली गराइएको भन्दै सरकारको चौतर्फी आलोचना भइरहेको अवस्थामा सर्वोच्चले यस्तो बस्ती खाली नगर्न अन्तरिम आदेश दिएको हो। यद्यपि, बस्ती भत्किसकेपछि अन्तरिम आदेश आएको भन्दै अदालतकोसमेत आलोचना हुन थालेको छ।

■■■

## खुला प्रतिस्पर्धाबाट ...

कार्यविधिले ४० वर्ष उमेर पुगेका, कम्तीमा विद्यावारिधि उपाधिप्राप्त र कुनै पनि राजनीतिक दलको सदस्य नरहेका प्राज्ञिक व्यक्तिलाई आवेदन दिन योग्य मानेको छ। आवेदकले विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको व्यहोरा खुलेको स्वघोषणापत्र र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको तथा कुनै पनि लेख-प्रकाशनमा बौद्धिक चोरी नगरेको स्वघोषणापत्र समावेश गर्नुपर्ने उल्लेख छ।

कार्यविधिमा मान्यताप्राप्त विश्वविद्यायबाट कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको, अनुसन्धान र प्राज्ञिक क्षेत्रमा १० वर्षको अनुभव भएको, शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापनसम्बन्धी सीप तथा कौशल प्रदर्शन गरेको हुनुपर्ने छ। यसैगरी, उच्च नैतिक चरित्र भएको, प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको, नेपाली नागरिक भएको हुनुपर्ने छ। यस्तै लुम्बिनी बौद्ध विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपतिका हकमा सम्बन्धित विषयमा विद्यावारिधि भएको हुनुपर्ने छ।

आवेदकले सोचपत्र (भिजन पेपर) र रणनीतिक कार्ययोजना (स्ट्राटेजिक एक्सन प्लान अफ युनिभर्सिटी) पेस गर्नुपर्ने छ। आवेदकमध्ये १० उम्मेदवारको अल्पसूची प्रकाशन हुने छ। सोचपत्र र रणनीतिक कार्ययोजनाको एक जनाभन्दा बढी विज्ञबाट मूल्यांकन गराइने छ। विज्ञबाट मूल्यांकनपश्चात् शिलबन्दी गरी गोप्यरूपमा अभिलेख राखी आवेदकको प्रस्तुतीकरण तथा अन्तर्वार्ता गरी समग्र १०० प्राप्तांकमा मूल्यांकन गरिने छ। एउटा उम्मेदवारले बढीमा दुई विश्वविद्यालयको उपकुलपतिमा आवेदन दिन सक्ने समितिले जारी गरेको सूचनामा उल्लेख छ। यसैबीच शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले रिक्त उपकुलपतिहरूको पदपूर्ति विज्ञता र दक्षताका आधारमा हुने बताए। उनले यी पदलाई राजनीतिकरणमुक्त बनाउन खुला प्रतिस्पर्धामार्फत छनोट गर्न लागिएको प्रस्ट पारे।

'विज्ञ समितिले खुला प्रतिस्पर्धाका माध्यमबाट योग्य व्यक्तिहरू छनोट गरी नियुक्तिका लागि सिफारिस गर्ने छ र सोही आधारमा उपकुलपतिहरू नियुक्त गरिने छ,' शुक्रबार मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्ने क्रममा मन्त्री पोखरेलले भने, 'हाम्रो मूल उद्देश्य यी पदहरू राजनीतिकरणबाट मुक्त गर्नु हो। म शिक्षामन्त्री आफ्नै नेतृत्वमा पदपूर्ति समिति भए पनि विज्ञ समितिको सिफारिसबमोजिम विज्ञता र दक्षताका आधारमा नै पदपूर्ति हुन्छ।'

# 'सीमा समस्या समाधानका लागि कूटनीतिक प्रयास जारी'

**काठमाडौं (प्रस)**– परराष्ट्र मन्त्रालयले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा देखिएको सीमा समस्या कूटनीतिक तवरबाट समाधान गर्न सरकार लागिपरेको जनाएको छ। मन्त्रालयले शुक्रबार आयोजना गरेको कार्यक्रममा प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले लिपुलेकको सन्दर्भमा सरकारका तर्फबाट स्पष्ट धारणा सार्वजनिक भइसकेको बताए। 'कूटनीतिक प्रयासले नै समस्या समाधान गर्नेमा हाम्रो स्पष्ट धारणा छ,' उनले भने।

चीन र भारतबीच सञ्चालन हुने कैलाश-मानसरोवर यात्रा नेपालको भूमि लिपुलेक हुँदै जाने गरेको स्पष्ट धारणा यही वैशाख २० गते नै सार्वजनिक गरिएको प्रवक्ता क्षेत्रीको भनाइ छ। नेपाल सरकारले महाकाली पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको भूमिमा रहेको भन्ने तथ्य १८१६ को सुगौली सन्धिबाट स्पष्ट उल्लेख गरिएकाले यही अडानमा नेपालले कूटनीतिक समाधानको प्रयास गरिरहेको उनले स्पष्ट पारे। साथै यस विषयमा दुवै छिमेकी मुलुक भारत र चीनलाई जानकारी भएको र पटक-पटक स्मरण गराउँदै आएको प्रवक्ता क्षेत्रीले बताए।

# डेंगी संक्रमणको सतर्कता अपनाउन आग्रह

**काठमाडौं (प्रस)**– सरकारले १३ स्थानीय तहलाई डेंगी संक्रमणको सर्तकता अपनाउन आग्रह गरेको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले ती १३ स्थानीय तहमा डेंगी संक्रमण देखिएकाले सतर्कता अपनाउन आग्रह गरिएको बताए।

'हामीले पुस यता सबै स्थानीय तहको डेंगी संक्रमणको अवस्थाको अध्ययन गरिरहेका छौं,' उनले भने, 'अन्य स्थानीय तहमा फाट्टफुट्ट डेंगी संक्रमण देखिएका छन्। तर यी १३ स्थानीय तहमा पाँच वटासम्म संक्रमण देखिएको सतर्कता अपनाउन पत्राचार गरेका छौं।' उनका अनुसार ओखलढुंगाको सिद्धिचरण नगरपालिका, झापाको भद्रपुर नगरपालिका, विर्तामोड नगरपालिका, मेची नगरपालिका र कचनाकेवल गाउँपालिका, सुनसरीको धरान उपमहानगरपालिका म्याग्दीको वेनी नगरपालिका, चितवनको भरतपुर महानगरपालिका, रूपन्देहीको बुटवल उपमहानगरपालिका, मकवानपुरको हेटौंडा उपमहानगरपालिका, सिन्धुलीको कमलामाई नगरपालिका र ललितपुरको ललितपुर महानगरपालिका रहेका छन्।

पुसयता करिब ६०० जनामा संक्रमण देखिएको थियो। शाखा प्रमुख डा. दाहालले अहिलेको पानीले केही संक्रमण नबढाउने बताए। 'अहिलेको पानी डेंगी सार्ने लामखुट्टे फैलिने छैन। एक छिन आउने त्यसपछि नआउने खालको छ,' उनले भने, 'त्यसैले अहिलेको पानीमा डेंगी सार्ने लामखुट्टे फैलिने सक्दैन। संक्रमणको जोखिम कम छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२६ गते**

यस कम्पनीको मिति २०८२/०९/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **यासेस एस्सिलेन्स कन्सल्टेन्सी सेन्टर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एब्रोट गेट प्रा.लि. (प्रा.लि.नं. ३६९६१९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

### मोटरसाइकल हरायो

मिति २०८३/०१/०९ गते काठमाडौं जिल्ला तार्केश्वर नगरपालिका वडा नं.८ स्थित पार्किङ्ग गरेको अवस्थामा मेरो निम्न व्यहोराको कालो रातो रङ्गको २२० पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी धनीः हरी प्रसाद सापकोटा**
**मो. नं. बा.प्र.०२-४६प ५५१३**
**च्यासिस नं.**: MD2A13EX9TCK80281
**इन्जिन नं.**: DKXCTK16605
**ठेगानाः डड्जोङ-४ नेत्रवती, धादिङ**

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १५ वैशाख २५ गते २०८३ मा प्रकाशित **Om Overseas Employment Pvt. Ltd** को विज्ञापनमा Lot No. 341547 को Venus Energy Company कम्पनीमा Construction Labouers को मासिक तलब ने.रु ४०,०७५ र Lot No. 341460 को Aysen Mobile Trading Company कम्पनीमा Food & Beverage Controller को मासिक तलब ने.रु ६०,११० हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656 (Santosh Bhatta), +9779810259009 (Magaj Bogati), E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com
Govt. License 1518/074/075

### नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०८०।०२।०७ मा दर्ता भएको प्रा.लि.नं. ३१२९२४ को **फ्रुगल फेसन नेपाल** नामक कम्पनीले १३६ 'क' अनुसार **विशेष दर्ता खारेज** गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **30 (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०१/२६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान ७५ को ६०१.३९ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**अमलेचौर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०१/२६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भएको तथा समुहमा आन्तरिक खपतको लागि छुट्याएकोमा आन्तरिक बिक्री नभई बाँकी रहेको साल जातको गोलिया थान १३८ को १०३३.३१ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**कालीवन सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-९, मकवानपुर**

## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शनिबार, २६ वैशाख, २०८३**

| | |
|---|---|
| **मेष** | आज नयाँ कामको सुरुवातका लागि दिन राम्रो रहनेछ। आत्मविश्वास बढ्नेछ र पारिवारिक साथ मिल्नेछ। |
| **वृष** | आर्थिक पक्ष मजबुत बन्ने संकेत छ। बोलीमा संयमता अपनाउँदा सम्बन्ध राम्रो रहनेछ। |
| **मिथुन** | काममा व्यस्तता बढ्न सक्छ। साथीभाइसँगको भेटघाटले मन प्रसन्न बनाउनेछ। |
| **कर्कट** | स्वास्थ्यप्रति सचेत रहनु राम्रो हुनेछ। अधुरा काम पूरा हुने सम्भावना छ। |
| **सिंह** | मान-सम्मान प्राप्त हुने दिन छ। नयाँ अवसरले उत्साह थप्नेछ। |
| **कन्या** | शिक्षा र अध्ययनमा प्रगति हुनेछ। यात्राको सम्भावना पनि देखिन्छ। |
| **तुला** | व्यापार तथा रोजगारीमा लाभ मिल्ने संकेत छ। परिवारसँग रमाइलो समय बित्नेछ। |
| **वृश्चिक** | धैर्यताका साथ काम गर्दा सफलता हात पर्नेछ। अनावश्यक विवादबाट टाढा रहनुहोस। |
| **धनु** | मनमा सकारात्मक ऊर्जा रहनेछ। साथीहरूको सहयोगले काम सहज बन्नेछ। |
| **मकर** | खर्च बढ्न सक्ने भएकाले आर्थिक व्यवस्थापनमा ध्यान दिनुहोस्। शुभ समाचार प्राप्त हुन सक्छ। |
| **कुम्भ** | नयाँ योजना अघि बढाउने समय अनुकूल छ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ। |
| **मीन** | भाग्यले साथ दिने दिन रहेको छ। प्रेम र पारिवारिक सम्बन्ध अझ मधुर बन्नेछन्। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**२६ वैशाख, २०८३ (९ मे २०२६)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.०८ | १५१.६८ |
| युरो | १ को | १७८.०५ | १७८.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | २०६.०४ | २०६.८६ |
| स्विस फ्रैन्क | १ को | १९४.२० | १९४.९७ |
| अस्ट्रेलियन डलर | १ को | १०९.७० | ११०.१३ |
| क्यानाडियन डलर | १ को | १११.०९ | १११.५३ |
| सिङगापुर डलर | १ को | ११९.२६ | ११९.७३ |
| जापानी येन | १० को | ९.६९ | ९.७३ |
| चिनियाँ युआन | १ को | २२.१८ | २२.२७ |
| साउदी अरब रियाल | १ को | ४०.२७ | ४०.४३ |
| कतारी रियाल | १ को | ४१.४५ | ४१.६१ |
| थाई भाट | ख १ को | ४.७१ | ४.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१४ | ४१.३० |
| मलेसियन रिङेट | १ को | ३८.४९ | ३८.६४ |
| दक्षिण कोरियन वन | १०० को | १०.४७ | १०.५१ |
| स्विडिस क्रोनर | १ को | १६.४५ | १६.५१ |
| डेनिस क्रोनर | १ को | २३.८३ | २३.९२ |
| हङकङ डलर | १ को | १९.२८ | १९.३६ |
| कुवेती दिनार | १ को | ४९३.२४ | ४९५.२० |
| बहराइन दिनार | १ को | ४००.०० | ४०१.५९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

प्रधानमन्त्री कार्यालयको निर्देशन

# नदीजन्य तथा खानीजन्य पदार्थको गैरकानुनी उत्खनन रोक्नू

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन-संकलनलाई स्वीकृत मापदण्ड, वातावरणीय प्रभाव मूल्यांकन तथा प्रचलित कानुनबमोजिममात्र गराउन सम्बन्धित मन्त्रालय र तहलाई निर्देशन दिएको छ ।

सो कार्यालयले दिएको निर्देशनमा निर्माणमा उपयोग हुने ढुंगा, गिटी, बालुवा, माटोलगायत नदीजन्य र खानीजन्य पदार्थको उत्खनन स्थानीय तहबाट हुँदै आएकामा नदीजन्य र खानीजन्य पदार्थको उत्खनन, संकलन, ओसार पसार तथा बिक्रीवितरणलगायत कार्य गैरकानुनी तरिकाले भइरहेको गुनासो र जानकारीप्रति ध्यानाकर्षण भएको जनाएको हो ।

प्रचलित कानुन, मापदण्ड तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी नीतिबमोजिम विकास निर्माण कार्यमा नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई यस्ता स्रोतसाधनको अत्यधिक दोहनलाई निरुत्साहित गरी उत्खनन, संकलन, ओसारपसार र उपयोग कार्यलाई व्यवस्थित, पारदर्शी तथा दिगो बनाउन भनिएको छ ।

प्रधानमन्त्री कार्यालयले गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, सबै मुख्यमन्त्री र स्थानीय तहलाई पत्राचार गरी सो आग्रह गरेको हो ।

जथाभावी उत्खनन, अवैध संकलन तथा अनधिकृत ओसारपसार कार्यलाई पूर्णरूपमा नियन्त्रण गर्न नियमित गस्ती परिचालन, जोखिम क्षेत्रमा स्थानीयवासी समेतको रोहवरमा अनुगमन तथा अवैध उत्खनन, संकलन तथा ओसारपसार कार्यमा तत्काल प्रहरी प्रशासनबाट नियन्त्रण गर्न निर्देशन दिइएको छ । नदी, खोला, वन क्षेत्र, खेतीयोग्य जमिन तथा बस्ती क्षेत्रमा वातावरणीय विनाश नहुनेगरीमात्र उत्खनन कार्य सञ्चालन गर्ने र स्थानीय तहहरूले नदीजन्यवस्तुको उत्खनन समय दैनिक बिहान ६:०० बजेदेखि बेलुका ६:०० बजे तोक्ने गरी आवश्यक व्यवस्था मिलाउने भनिएको छ ।

खानीजन्य पदार्थको उत्खनन तथा प्रयोग गर्दा श्रमिक सुरक्षा, वातावरण संरक्षण तथा स्थानीय समुदायको हितलाई प्राथमिकता दिन, उत्खननबाट प्राप्त राजस्व गुम्न नदिन वास्तविक कारोबार मूल्यमा बीलबिजक जारी हुने अवस्था सुनिश्चित गर्ने तथा कारोबारविना बिलबिजक जारी गर्ने अवस्थालाई निरुत्साहित गर्न, सम्बन्धित स्थानीय तहले सरोकारवालासँगको समन्वयमा नदी तथा खानीजन्य पदार्थको दिगो उपयोगका लागि जनचेतनामूलक कार्यक्रम तत्काल सञ्चालन गर्न निर्देशन दिइएको छ। सो सम्बन्धमा भएका प्रगति तथा समस्याका सम्बन्धमा गृह मन्त्रालयले प्रत्येक महिनाको पहिलो हप्ता प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस पनि भनिएको छ ।

# मनसुन पूर्वानुमान र विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउन जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मौसम पूर्वानुमान र विपद् पूर्वतयारीलाई प्रभावकारी बनाएर क्षति न्यूनीकरण गर्नुपर्नेमा जोड दिएका छन् । जल तथा मौसम विज्ञान विभागले शुक्रबार आयोजना गरेको राष्ट्रिय मनसुन फोरम कार्यक्रममा उनले जल तथा मौसमसम्बन्धी सूचनाको प्रभावकारी प्रयोगबाट जीउधनको सुरक्षा गर्न सकिने तथा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारमा हुने क्षति न्यूनीकरण गर्न सहयोग पुग्ने बताए ।

मनसुनजन्य विपद् व्यवस्थापनका लागि पूर्वतयारी कार्ययोजना प्रभावकारी बनाउन मौसम पूर्वानुमानको भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ । कृषि क्षेत्रमा मौसम पूर्वानुमानले बाली व्यवस्थापन, सिँचाइ तथा उत्पादन योजनामा सहयोग पुऱ्याउने बताउँदै मन्त्री श्रेष्ठले जलाशय व्यवस्थापन, जलविद्युत् उत्पादन, यातायात, स्वास्थ्य तथा पूर्वाधार व्यवस्थापनमा पनि यसको उपयोगिता बढ्दो रहेको धारणा राखे ।

जलवायु परिवर्तनका कारण मौसम प्रणाली थप अनिश्चित र जटिल बन्दै गएको उल्लेख गर्दै उनले मौसम सेवाको गुणस्तर सुधार गर्न वैज्ञानिक केन्द्रहरूको विस्तार, अनुसन्धान प्रवर्द्धन तथा आधुनिक प्रविधिको प्रयोग आवश्यक रहेको बताए । एआई, मेसिन लर्निङ र आधुनिक ‘अल्गोरिदम’ प्रयोगमार्फत मौसम पूर्वानुमानलाई अझ प्रभावकारी बनाउनेतर्फ मन्त्रालय गम्भीर रहेको उनको भनाइ थियो ।

मन्त्री श्रेष्ठले मौसम तथा विपद् पूर्वानुमान प्रणालीले सानो सतर्कताबाट पनि ठूलो जनधनको क्षति रोक्न सक्ने उल्लेख गर्दै यस क्षेत्रमा कार्यरत प्राविधिक तथा विभागीय टोलीको प्रशंसा गरे । जल तथा मौसम विज्ञान विभागकी महानिर्देशक डा. अर्चना श्रेष्ठले आगामी मनसुन, २०२६ को पूर्वानुमान तथा त्यसका सम्भावित प्रभावबारे गहन अध्ययन र छलफल भइरहेको बताइन् । उनले विगतको मनसुन समीक्षा गर्दै आगामी मौसममा हुनसक्ने वर्षा र तापक्रमको अवस्थाबारे प्रस्तुत गरिएका तथ्यांकहरूले नीति निर्माण र विकास योजनाका लागि महत्त्वपूर्ण आधार प्रदान गर्ने बताइन् ।

विभागले हाल उपलब्ध प्रविधि, जनशक्ति क्षमता, अध्ययन-अनुसन्धान तथा अन्तर्राष्ट्रिय मौसम तथा वैज्ञानिक संस्थाहरूको सहयोगका आधारमा मौसमी पूर्वानुमान गरिरहेको उनले जानकारी दिइन् । विभागले वर्षका चारै यामका लागि ‘ऋतुगत पूर्वानुमान’ गर्ने लक्ष्य लिएको उल्लेख गर्दै हाल तीनवटा यामको पूर्वानुमान सुरु भइसकेको र अब प्रि-मनसुनको पूर्वानुमान पनि सुरु गर्ने तयारी भइरहेको उनको भनाइ छ ।

महानिर्देशक श्रेष्ठका अनुसार एल निनो, इण्डियन ओसियन डाइपोल तथा आर्कटिक ओस्सिलेसनजस्ता विश्वव्यापी वायुमण्डलीय प्रणालीहरूले नेपालको मौसममा प्रभाव पार्ने भएकाले यिनको सम्बन्धबारे थप अनुसन्धान आवश्यक रहेको छ । ‘वैज्ञानिक अनुसन्धानलाई मजबुत बनाउन सके मौसमी पूर्वानुमान अझ विश्वसनीय र प्रभावकारी बनाउन सकिन्छ,’ उनले भनिन् ।

उनले विभागले हाल क्षेत्रीय स्तरमामात्र नभई ‘सबरिजनल’ अर्थात् स्थानीय तहसम्म पुग्ने मौसमी पूर्वानुमान प्रणाली विकास गर्ने योजना अघि बढाएको जानकारी दिइन् । यसका लागि अनुसन्धान, प्रविधि विस्तार तथा दक्ष जनशक्ति विकासमा जोड दिइएको उनको भनाइ थियो ।

महानिर्देशक श्रेष्ठले जलवायु परिवर्तनका कारण हिमनदी पग्लिने, हिमताल विस्फोटको जोखिम बढ्ने तथा चरम मौसमीय घटनाहरू वृद्धि भइरहेकाले तथ्यमा आधारित योजना निर्माण आवश्यक भएको बताइन् । विभागले ग्लेसियर मोनिटरिङ तथा जलवायु अध्ययनका लागिसमेत बजेट विनियोजन गरिएको जानकारी दिँदै यस कार्यमा मन्त्रालयको सहयोग रहेको उल्लेख गरिन् ।


## मलेसियामा रोजगार

कम्पनी : EB PACKAGING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 341799 | चलानी नं. ६०२५५२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 32 | 0 | 1700 | ६५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ICONIC HR CONSULTANT PVT LTD**
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082


## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७८।०६।१८ मा दर्ता भएको प्रा.लि.नं.२७४४०७ को **डिभाईन होम केयर एण्ड डाइगोनोष्टिक सेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०१/२६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल समेत विभिन्न जातको गोलिया थान ४९३ को ६४७८.१४ घनफिट काठ तथा साल र अन्य जातको दाउरा ११.२५ चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**अमृता सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ८, मकवानपुर**

## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०२/१९ मा दर्ता भएको **प्रा. लि. नं. १६५१३३** को **एभरेष्ट राइनो ट्राभल्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६७/११/२६ मा दर्ता भएको श्री **इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट प्रा. लि. (प्रा. लि. नं. ८१३२७)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०९/०५ मा दर्ता भएको **प्रा.लि. नं. २०४८८०/०७५/०७६** को **पाराडाईज माउन्ट रिसोर्ट प्रा. लि.** को मिति २०८३/०१/२५ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: एकराज पन्त, इजाजत पत्र नं. ४१४**
**ठेगाना : ठमेल, काठमाडौं, फोन नं. ९८५१०२७६६०**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०१/२६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ६८ को ७७२.४९ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बंगलामुखी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती -९, मकवानपुर**


## युएइमा रोजगार

कम्पनी : THE CLAME CAVE BEAUTY CENTER

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341690 | चलानी नं. ६०२५५०७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 2 | 1800 | ७४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

## साउदीमा रोजगार

कम्पनी : PURE SERVICES MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 341726 | चलानी नं. ६०२५५११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor Loading Unloading | 30 | 0 | 1000 | ४०,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career International Services (P.) Ltd.**
License No.: 646/063/064
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Dhana Kumari Lama 9851219835
Deepak Khatiwada 9861854817, Email : info@career-intl.com, Website : www.career-intl.com

## मलेसियामा रोजगार

कम्पनी : ORGABIO MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 341778 | चलानी नं. ६०२५५१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 60 | 0 | 1700 | ६५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com
INTREPID LEARN ADAPT EVOLVE

## ओमनमा रोजगार

कम्पनी : ALSHAIBANI DIAMOND

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 341763 | चलानी नं. ६०२५५०९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee/Tea Maker | 1 | 0 | 150 | ५९,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**POWER EMPLOYMENT PVT.LTD.**
श्रम इजाजत नं. ११९४/०७३/०७४
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308,
Padam Prasad Bhetwal 984-3210286, E-mail: poweremployment.np@gmail.com

प्रभाव दैनिक



### अभिनेत्री शिल्पा मास्केले गरिन् विवाह

अभिनेत्री शिल्पा मास्के वैवाहिक जीवनमा बाँधिएकी छन् । प्रेमी फ्लावर केसीसँग उनले मुस्ताङ पुगेर विवाह गरेकी हुन् । उनले विवाहको जानकारी सामाजिक सञ्जालबाट गराएकी छन् । सधैं प्रकृतिको बिचमा विवाह गर्ने कल्पना गर्दै आएको आफूले सो सपना पुरा गरेको जनाएकी छन् । उनले लेखेकी छन्, 'कल्पना गरेको एउटा सपना आज हाम्रो जीवनकै सबैभन्दा सुन्दर सम्झनामध्ये एक बनेको छ ।'



शनिबार, २६ वैशाख २०८३ (Saturday, 9 May 2026)

# नातिकाजी स्मृति समाजद्वारा २१ जना कलाकार पुरस्कृत



■ प्रभाव संवाददाता

**काठमाडौं–** नातिकाजी स्मृति समाजले विभिन्न २१ जना कलाकारलाई सम्मान गरेको छ । शुक्रबार राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले उनीहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरे ।

कार्यक्रममा 'नातिकाजी राष्ट्रिय विशिष्ट संगीत सम्मान' गीतकार नारायणकुमार आचार्य, साबु गदाल कार्की र वीरेन्द्र पाठकलाई प्रदान गरियो । त्यस्तै, 'नातिकाजी राष्ट्रिय विशिष्ट संगीत सम्मान' शशी गुरुङ, गणेश पराजुली, जुजुकाजी रञ्जित, अष्ट लामा, डा भीमार्जुन आचार्य र निर्वाण सिं गुरुङलाई प्रदान गरिएको जनाइएको छ ।

साथै 'नातिकाजी राष्ट्रिय संगीत पुरस्कार' मनोज खड्का, रोशन गुरुङ, ताराप्रकाश लिम्बु, सरिता शाही, चाँद सिं, महेश्वरमान राजभण्डारीलाई प्रदान गरिएको छ भने 'नातिकाजी नव प्रतिभा पुरस्कार' पाउनेमा विपना तामाङ, सहिमा श्रेष्ठ, सुरेश लामा छन् । नातिकाजी राष्ट्रिय शास्त्रीय संगीत पुरस्कार प्रमोद उपाध्यायले प्राप्त गर्नुभएको नातिकाजी स्मृति समाजका अध्यक्ष शम्भूजीत बासकोटाले जानकारी दिए ।

उनका अनुसार 'नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार' अनन्त वाग्ले र गीता अधिकारीले प्राप्त गरेका छन् ।

अध्यक्ष बाँसकोटाले नातीकाजीले संगीतलाई केवल मनोरञ्जनको साधनका रूपमा मात्रै होइन, सामाजिक चेतना जगाउने शक्तिशाली माध्यमका रूपमा प्रयोग गर्नुभएको उल्लेख गरे । 'उहाँका गीतमा देशप्रेम, संस्कृतिप्रेम, मानवीय संवेदना र जीवन दर्शनको अद्भूत संयोजन पाइन्छ, उहाँको योगदानले नेपाली संगीतलाई उच्च स्थानमा पुराएको छ', अध्यक्ष बासकोटाले भने ।

# मण्डला थिएटरमा 'ग्रान्ड रिहर्सल' मञ्चन

■ प्रभाव संवाददाता



**काठमाडौं–** थापागाउँस्थित मण्डला थिएटर पछिल्लो समय नाटक 'ग्रान्ड रिहर्सल' मञ्चन भइरहेको छ । बेलायती रंगमञ्च समूह 'मिस्चिफ थिएटर'का हेनरी लुइस, जोनाथन सेयर र हेनरी शिल्ड्सद्वारा लिखित वैशाख ११ गतेदेखि नियमित मञ्चन सुरु भएको हो ।

नाटकलाई नेपाली परिवेशमा रंगकर्मी अनुप न्यौपाने र उमेश तामाङले रूपान्तरण गरेका हुन् । उमेश तामाङको निर्देशनमा रहेको नाटकमा व्यंग्य प्रधान नाटक हो । बुद्धि तामाङ निर्माता रहेको नाटकमा अनुप न्यौपाने, मिलन कार्की, सुदीप खतिवडा, रुजा राउत, रक्षा थापा, सन्तोष गिरी, अमिर ताम्राकार, सुजन घिमिरे, श्रीशेष श्रेष्ठ, बलबहादुर राई र राजाबाबु कार्कीको अभिनय रहनेछ ।

नाटकले मञ्चमा देखिने परिपूर्णताभन्दा बाहिर, कलाकारहरूको संघर्ष, गल्ती र त्यसलाई सम्हाल्ने प्रयास कलाको माध्यमबाट देखाउन खोजेको छ । जेठ ३ गतेसम्म मञ्चन हुने यो नाटकको सोमबार बाहेक हरेक साँझ ५: ३० बजे र शनिबार दिउँसो १: ३० बजे अतिरिक्त शो मञ्चन हुनेछ ।

## रंगशाला

# नेपाल 'ए' द्वारा अमेरिका पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं –** एक दिवसीय खेलमा नेपाल 'ए' ले संयुक्त राज्य अमेरिकालाई पराजित गरेको छ । माथिल्लो मूलपानी क्रिकेट मैदानमा शुक्रबार भएको खेलमा नेपाल 'ए' ले अमेरिकामाथि तीन विकेटको जित हासिल गरेको हो । अमेरिकाले जितको लागि दिएको २६३ रनको लक्ष्य नेपाल 'ए' ले पाँच बल बाँकी रहँदा पूरा गऱ्यो ।

नेपालको जितमा मयान यादव नायक बने । उनले ८० बलमा ७२ रनको शानदार इनिङ्स खेल्दै टोलीलाई बलियो अवस्थामा पुऱ्याए । उनको इनिङ्समा चार चौका र दुई छक्का समावेश थियो । त्यसअघि नेपालका ओपनर त्रितराज दासले २३ रन बनाउँदा कप्तान अनिल साहले २७ रनको योगदान दिए । देव खनाल १७ रनमा आउट भए पनि सन्दीप जोराले मध्यम क्रम सम्हाल्दै ३६ रन जोडे । कुशल मल्लले ३३ रन बनाए ।

खेल अन्तिमतिर रोमाञ्चक बनेको अवस्थामा पवन सर्राफले विस्फोटक ब्याटिङ गरे । उनले १५ बलमा अविजित २४ रन बनाउने क्रममा एक चौका र दुई छक्का प्रहार गरे । दीपक डुम्रे दुई रनमा अविजित रहँदा नेपालले ४९ दशमलव एक ओभरमा सात विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो ।

अमेरिकाका लागि मिलिन्द कुमारले सर्वाधिक दुई विकेट लिए भने सौरभ नेत्रवलकर, नोस्तुष केन्जिगे, रशिल उगारकर, हरमित सिंह तथा सञ्जय कृष्णमुर्थीले समान एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको अमेरिकाले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २६२ रनको योफल बनाएको हो । अमेरिकाका लागि स्मित पटेलले शानदार शतकीय इनिङ्स खेल्दै १०७ बलमा १० चौका र पाँच छक्कासहित ११६ रन बनाए ।

त्यस्तै ओपनर शायन जहाँगिर नौ रनमा आउट हुँदा कप्तान मोनांक पटेलले २० रन जोडे । सैतेजा मुक्कामल्लाले १० तथा मिलिन्द कुमारले सात रन बनाए । त्यसपछि शुभम रञ्जानेले १६, सञ्जय कृष्णमुर्थीले १५ तथा शेहान जयसूरियाले सात रनको योगदान दिए । अन्तिमतिर हरमित सिंह २५ र जसदीप सिंह ३३ रनमा अविजित रहँदै टोलीलाई सम्मानजनक योगफलतर्फ पुऱ्याए । नेपाल 'ए' का लागि पवन सर्राफले दुई विकेट लिए भने विपीन खत्री, शाहव आलम, बासिर अहमद, शेर मल्ल, राशिद खान र नारायण जोशीले समान एक/एक विकेट लिए । तेस्रो अभ्यास खेलमा शनिबार नेपाल 'ए' ले स्कटल्याण्डको सामना गर्नेछ ।

# रोकियो गौतमबुद्ध क्रिकेट रंगशालाको काम

■ प्रभाव संवाददाता

**चितवन –** चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध क्रिकेट रंगशालाको काम ठप्प बनेको छ । भुक्तानी नपाएको भन्दै निर्माण कम्पनीले काम स्थगित गरेको हो । निर्माण कम्पनीका अनुसार गत पुस र फागुनमा गरी दुई पटक कामको रकम भुक्तानी माग गर्दा पनि नआएपछि विगत १५ दिनदेखि काम पूर्णरूपमा ठप्प छ ।

निर्माण कम्पनीका व्यवस्थापक विजय ढकालले आफूहरूले काम गर्न नसक्ने भएपछि रोक्नु परेको बताए । दुई वटा बिलको करिब १० करोड रकम भुक्तानी लिन बाँकी रहेको ढकालले बताए ।

निर्माण कम्पनीले बिल भरतपुर महानगरपालिकामा पेश गरेको छ । महानगरपालिकाले प्रदेश सरकारबाट आउनुपर्ने रकम आउन ढिलाइ हुँदा भुक्तानी दिन नसकेको जनाएको छ ।

रंगशाला निर्माणको काम हिमालयन कालिञ्चोक बिबिआर जेभीले गरिरहेको छ । ठेक्का सम्झौताको म्याद सकिन करिब ७ महिना मात्रै बाँकी रहँदा ५० प्रतिशतभन्दा केही बढी मात्रै भौतिक प्रगति भएको छ ।

निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर प्रविन क्षेत्रीका अनुसार पहिलो टावरको काम लगभग सकिएको छ । त्यसमा ट्रसका लागि वालको काम भैरहेको छ ।

यस्तै दोस्रो टावरको दुई तलाको ढलान सकेर तेस्रो तलाका लागि पिलर उठाउनको काम भैरहेको छ । प्यारापिट १ को सबै काम सकेर प्यारापिट २ मा ढलाइ सकिएको छ भने स्ल्याबको काम बाँकी छ ।

प्यारापिट ४ मा फर्मा ठोकेर डण्डी तयार गरी ढलानको तयारी गरिएको थियो । यस्तै विद्युत पावर केवलहरू भूमिगत गर्ने, भवन भित्र विद्युतको काम गर्ने, पानीको अण्डर ग्राउण्ड पाइपिङको काम अगाडि बढेको बेला काम रोकिएको हो । स्टेडियम बाहिर पहुँच सडक निर्माण तथा मैदानमा पानी जम्न नदिनका लागि जमिन भित्र पाइपहरू राखेर ड्रेनएजको काम अगाडि बढेको इन्जिनियर क्षेत्रीले बताए । मैदान तथा पिचका लागि आवश्यक सामग्रीहरू ल्याउने काम भैरहेका बेला काम रोकिन पुगेको उनले बताए ।

तोकिएको समय भित्र काम नसकिने भएपछि निर्माण कम्पनीले थप म्याद माग्ने तयारी छ । तर रकम निकासा भएर काम सुरु गरेपछि म्याद थपको प्रक्रिया अगाडि बढाउने तयारी छ । २०८१ असारमा भरतपुर महानगरपालिका र निर्माण कम्पनीबीच २०८३ पुस २२ गते अर्थात ३० महिना भित्र सक्ने गरी कुल ७५ करोड ५० लाख ९१ हजार १८९ रूपैयाँको सम्झौता भएको थियो ।


**साउदीमा रोजगार** कम्पनी : RURAL FRUIT FARM AGRICULTURAL ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ LT. No. 341698 चलानी नं. ६०२५५१०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | loading and unloading worker/ helper | 6 | 0 | 1300 | ५२,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE Govt. License 147/056/057
ROSE OVERSEAS PVT. LTD.
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874,
Prabin Basnet 9828932505, E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np

**कुवेतमा रोजगार** कम्पनी : Ola Ladies Beauty Salon

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ LT. No. 341774 चलानी नं. ६०२५५१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 2 | 100 | ४९,१६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | DRIVER LIGHT | 0 | 1 | 150 | ७३,७४५ | | | | | | | |
| 3 | Hair Dress/Hair Stylist | 0 | 2 | 150 | ७३,७४५ | | | | | | | |
| 4 | MANICURE/PEDICURE | 0 | 2 | 150 | ७३,७४५ | | | | | | | |
| 5 | NAIL ARTIST | 0 | 2 | 150 | ७३,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**साउदीमा रोजगार** कम्पनी : FIVE RIVERS COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ LT. No. 341729 चलानी नं. ६०२५५०७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ४०,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAHR AL RIMAL COMPANY LIMITED IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ LT. No. 341688 चलानी नं. ६०२५५०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 3 | 0 | 2500 | १००,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROVE INTERNATIONAL PVT.LTD.
Sukedhara, Opposite to Prime Bank Kathmandu, Nepal
T: +977-01-4586922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com
Govt.Lic. No 1033/071/072

**कतारमा रोजगार** कम्पनी : AL DARJA AL OULIYA SERVICES AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२५ LT. No. 334206 चलानी नं. ६०२४८०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1400 | ५७,९२० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | १०३,४२५ | | | | | | | |
| 3 | General Welder | 2 | 0 | 1100 | ४५,५१० | | | | | | | |
| 4 | Mason | 3 | 0 | 1100 | ४५,५१० | | | | | | | |
| 5 | Plumber | 2 | 0 | 1100 | ४५,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

**कुवेतमा रोजगार** कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२५ LT. No. 314528 चलानी नं. ६०२२८९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 32 | 0 | 95 | ४६,७०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy equipment operator | 2 | 0 | 220 | १०८,१६० | | | | | | | |
| 3 | Security guard | 25 | 0 | 135 | ६६,३७० | | | | | | | |
| 4 | Cleaner general | 0 | 10 | 135 | ६६,३७० | | | | | | | |

कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२५ LT. No. 338825 चलानी नं. ६०२५२२६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 25 | 0 | 135 | ६६,३७० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Crane Operator | 10 | 0 | 250 | १२२,९१० | | | | | | | |
| 3. | Driver Heavy Duty | 100 | 0 | 200 | ९८,३२५ | | | | | | | |
| 4. | Heavy Equipment Operator | 100 | 0 | 220 | १०८,१६० | | | | | | | |
| 5. | Labour | 149 | 0 | 95 | ४६,७०५ | | | | | | | |
| 6. | Security Guard | 10 | 0 | 135 | ६६,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Swift Gurkha International Pvt. Ltd.
श्रम ईजाजत नं. ५५९/०६२/०६३
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, 9823726091 (Sanjay Sir)

# विकासको नयाँ परिभाषातर्फ विश्व समुदायः राष्ट्रसंघ

**राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघले विश्वका देशहरूको विकासलाई अझ समावेशी, सन्तुलित तथा दिगो रूपमा मूल्यांकन गर्न नयाँ विश्वव्यापी 'सूचक पटल' प्रस्ताव गरेको छ । उक्त प्रस्तावले कूल गार्हस्थ उत्पादनसँगै नागरिकको जीवनस्तर, सामाजिक अवस्था, समानता तथा वातावरणीय संरक्षणलाई पनि विकासका महत्त्वपूर्ण आधारका रूपमा समेट्ने उद्देश्य राखेको छ ।

'मानिस र पृथ्वीका लागि प्रगतिको दिशा देखाउने मापन' नामक प्रतिवेदन संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको स्वतन्त्र उच्चस्तरीय विज्ञ समूहद्वारा सार्वजनिक गरिएको हो । प्रतिवेदनमा आर्थिक वृद्धिसँगै मानव कल्याण, सामाजिक न्याय तथा वातावरणीय दिगोपनलाई समान महत्त्व दिइएको छ ।

महासचिव गुटेरेसले कूल गार्हस्थ उत्पादन आर्थिक प्रगतिको महत्त्वपूर्ण सूचक भए पनि यसले समाजको सम्पूर्ण अवस्था पूर्णरूपमा प्रतिविम्बित गर्न नसक्ने उल्लेख गरेका छन् । उनले असमानता, गरिबी, स्वास्थ्य, शिक्षा, शान्ति तथा वातावरणीय संरक्षणजस्ता विषयलाई विकास मूल्यांकनमा सम्मानपूर्वक समावेश गर्न आवश्यक रहेको बताएका छन् ।

संयुक्त राष्ट्र महासभाकी अध्यक्ष एनालेना बेयरबोकका अनुसार प्रस्तावित सूचक पटलमा ३१ वटा सूचक समावेश गरिएको छ, जसले आर्थिक, सामाजिक तथा वातावरणीय अवस्थाको विस्तृत र सन्तुलित चित्र प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । साथै, विपद् तथा संकट सामना गर्ने समाजको क्षमतासमेत यसमा समेटिएको छ ।

विज्ञ समूहकी सहअध्यक्ष नोरा लस्टिगले कूल गार्हस्थ उत्पादनले असमानता, गरिबी तथा वातावरणीय क्षतिजस्ता संवेदनशील पक्षलाई पर्याप्तरूपमा समेट्न नसक्ने धारणा व्यक्त गरेकी छन् । अर्का सहअध्यक्ष कौशिक बसुले विकास भनेको केवल आर्थिक वृद्धिमात्र नभई शिक्षा, स्वास्थ्य, कला, संस्कृति तथा नागरिकको जीवनस्तरमा सकारात्मक सुधार पनि भएको उल्लेख गरेका छन् ।

संयुक्त राष्ट्रसंघका अनुसार लामो समयदेखि कूल गार्हस्थ उत्पादन नीति निर्माणको प्रमुख आधारका रूपमा प्रयोग हुँदै आएको छ । तर केवल यसैमा निर्भर हुँदा अर्थतन्त्र वृद्धि भए पनि वातावरण, सुरक्षा तथा जनजीवनको गुणस्तरमा असर पर्न सक्ने सम्भावना रहने बताइएको छ ।

यो प्रतिवेदनले सरकारहरूलाई समावेशी विकास, दिगोपन तथा जनकल्याणलाई प्राथमिकता दिँदै प्रभावकारी नीति निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । साथै, विकासलाई केवल आर्थिक उपलब्धिमा सीमित नराखी मानव जीवनको गुणस्तर र प्रकृतिको संरक्षणसँग जोडेर हेर्नुपर्ने आवश्यकता पनि प्रतिवेदनले औंल्याएको छ । *रासस/सिन्ह्वा*



भारतको अहमदाबादस्थित साबरमती नदीको सुख्खा किनारमा हिँड्दै एक मानिस । जलवायु परिवर्तनको प्रभावले यहाँका जमिनहरू सुख्खा बनेका छन् । *तस्बिरः एएफपी*

# 'हान्टाभाइरस' प्रकोपबारे डब्ल्युएचओको चेतावनी




**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले हान्टाभाइरस प्रकोप अझ फैलिन सक्ने जोखिम रहेको चेतावनी दिएको छ, यद्यपि समयमै कडा स्वास्थ्य सावधानी अपनाइएमा यो प्रकोप सीमितस्तरमै नियन्त्रण गर्न सकिने अपेक्षा गरिएको छ ।

हालसम्म यस प्रकोपका कारण तीन जनाको मृत्यु भइसकेको छ भने पाँचवटा पुष्टि भएका र तीनवटा शंकास्पद संक्रमणका केसहरू देखिएका छन् । संक्रमित तथा शंकास्पद बिरामीहरूलाई बेलायत, जर्मनी, नेदरल्याण्ड्स, स्विट्जरल्याण्ड र दक्षिण अफ्रिकामा उपचार वा आइसोलेसनमा राखिएको छ ।

यो संक्रमण एमभी होण्डियस नामक क्रुज जहाजसँग जोडिएको छ, जसले अर्जेन्टिनाको उसुआइआबाट यात्रा सुरु गरी क्यानरी टापुहरूतर्फ समुद्री यात्रा गरिरहेको थियो । यात्राका क्रममा केही यात्रुहरूमा अचानक गम्भीर लक्षण देखिन थालेपछि स्वास्थ्य अधिकारीहरूले जहाजमा फैलिएको संक्रमणबारे अनुसन्धान सुरु गरेका हुन् ।

प्रारम्भिक अनुसन्धानअनुसार एक यात्रु अर्जेन्टिनामा जहाज चढ्नु अघि नै संक्रमित भएको हुन सक्ने र पछि जहाजमा अन्य यात्रुहरूमा संक्रमण फैलिएको हुन सक्ने अनुमान गरिएको छ ।

डब्ल्युएचओका महानिर्देशक टेड्रोस अधानोम घेब्रेयेससका अनुसार हान्टाभाइरसको इन्क्युबेशन अवधि छ हप्तासम्म हुन सक्ने भएकाले आगामी दिन वा हप्ताहरूमा थप संक्रमणका केसहरू देखिन सक्ने सम्भावना रहन्छ । उनले यस रोगको विकासक्रमलाई नजिकबाट निगरानी गरिँदै छ र अन्तर्राष्ट्रिय समन्वय आवश्यक रहेको बताए ।

डब्ल्युएचओका आपत्कालीन प्रतिक्रिया निर्देशक अब्दी रहमान महमुदले यदि सबै देशहरूले समयमै परीक्षण, संक्रमित व्यक्तिहरूको पहिचान, सम्पर्क ट्रेसिङ र आइसोलेसनजस्ता सार्वजनिक स्वास्थ्य उपायहरू प्रभावकारीरूपमा लागू गरे भने यो प्रकोप ठूलो स्तरमा फैलिन नदिई नियन्त्रण गर्न सकिने बताए । उनका अनुसार अहिलेको अवस्था 'सीमित तर सतर्क रहनुपर्ने' प्रकृतिको छ ।

यसबीच अर्जेन्टिनाका स्वास्थ्य अधिकारीहरूले संक्रमणको स्रोत पत्ता लगाउन उसुआइआ क्षेत्रमा मुसा परीक्षण गर्ने तयारी गरेका छन्, किनकि हान्टाभाइरस सामान्यतया संक्रमित मुसाको सम्पर्कबाट फैलिने गर्छ । जहाजमा यात्रा गरेका सबै यात्रु र चालक दलको विस्तृत सम्पर्क ट्रेसिङ पनि भइरहेको छ ।

जहाज सञ्चालक कम्पनी ओशनवाइड एक्सपेडिसनका अनुसार हाल जहाजमा कुनै पनि लक्षण देखिएका यात्रु छैनन् र जहाज आफ्नो गन्तव्य स्पेनको टेनेरिफतर्फ अघि बढिरहेको छ, जहाँ आइतबार पुग्ने तालिका छ । यात्रुहरूलाई विभिन्न देशमा पठाइएपछि स्थानीय स्वास्थ्य निकायहरूले उनीहरूको स्वास्थ्य निगरानी गरिरहेका छन् ।

डब्ल्युएचओले यो प्रकोपलाई नियन्त्रणमा राख्न अन्तर्राष्ट्रिय सहयोग, समयमै परीक्षण र कडा आइसोलेसन उपायहरू अत्यन्त आवश्यक छन्, अन्यथा संक्रमण थप देशहरूमा फैलिन सक्ने जोखिम रहने जनाएको छ । *रासस/एएफपी*

# इरान–अमेरिका तनाव फेरि चर्कियो



**वासिङ्टन–** हर्मुज जलघाँटी क्षेत्रमा अमेरिकी र इरानी सैन्य शक्तिबीच फेरि गोलाबारी भएपछि केही साताअघि कायम गरिएको युद्धविराममाथि गम्भीर प्रश्न उठेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविराम अझै कायम रहेको दाबी गरेको भए पनि दुवै पक्षले एकअर्कामाथि आक्रमण सुरु गरेको आरोप लगाएका छन् । यसले मध्यपूर्वमा फेरि ठूलो द्वन्द्व भड्किने चिन्ता बढाएको छ ।

अमेरिकी सेनाका अनुसार इरानी सैन्य बलले हर्मुज जलघाँटी क्षेत्रमा गस्तीमा रहेका तीन अमेरिकी विध्वंशक युद्धपोतलाई लक्षित गर्दै मिसाइल, ड्रोन तथा साना डुंगामार्फत आक्रमण गरेको थियो । अमेरिकी सेनाले सबै आक्रमण विफल पारिएको दाबी गर्दै त्यसको जवाफमा इरानका सैन्य संरचना र सुविधामाथि कारबाही गरिएको जनाएको छ । अमेरिकी सेनाको केन्द्रीय कमाण्ड सेन्टकमले सामाजिक सञ्जाल एक्समार्फत सार्वजनिक गरेको विवरणमा अमेरिकी जहाजमा कुनै क्षति नभएको उल्लेख गरिएको छ ।

सेन्टकमले आफूहरू तनाव बढाउने पक्षमा नरहेको तर अमेरिकी सैनिक र सामरिक सम्पत्तिको सुरक्षाका लागि आवश्यक कदम चाल्न बाध्य भएको जनाएको छ । यद्यपि तेहरानले भने अमेरिका स्वयंले युद्धविराम उल्लंघन गरेको आरोप लगाएको छ । इरानको केन्द्रीय सैन्य कमाण्डले अमेरिकी पक्षले तेल ट्याांकर तथा अन्य जहाजमाथि आक्रमण गरेपछि प्रतिशोधस्वरूप अमेरिकी युद्धपोतलाई निशाना बनाइएको जनाएको छ ।

अप्रिल ८ देखि लागू भएको युद्धविरामले केही समयका लागि अमेरिका-इजरायल र इरानबीचको प्रत्यक्ष तनावलाई रोक्ने आशा जगाएको थियो । तर पछिल्लो भिडन्तले त्यो सहमति अत्यन्त कमजोर अवस्थामा पुगेको संकेत दिएको विश्लेषण गरिएको छ । युद्धविरामअघि अमेरिका र इजरायलले इरानका विभिन्न सैन्य तथा आणविक पूर्वाधारमाथि संयुक्त आक्रमण गरेका थिए । त्यसपछि इरानले रणनीतिक महत्त्व बोकेको हर्मुज जलघाँटी क्षेत्रमा आफ्नो नियन्त्रण कडा बनाएको थियो ।

संयुक्त अरब इमिरेट्स (युएई) ले शुक्रबार आफ्नो हवाई सुरक्षा प्रणालीले इरानबाट आएको मिसाइल र ड्रोन आक्रमणलाई रोक्ने प्रयास गरिरहेको जनाएको छ । यस घटनाले खाडी क्षेत्रका अन्य मुलुकहरू पनि प्रत्यक्षरूपमा द्वन्द्वको प्रभावमा पर्न थालेको देखिएको छ ।

वासिङ्टनमा पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले युद्धविराम अझै जीवित रहेको दाबी गरे । उनले इरानले अमेरिकासँग 'झूट बोलेको' आरोप लगाउँदै अमेरिकी सेनाले त्यसको जवाफ दिएको बताए । ट्रम्पले यो घटनालाई 'तुच्छ उक्साहट' को संज्ञा दिएका थिए । तर त्यसलगत्तै उनले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममार्फत इरानले सम्झौतामा हस्ताक्षर नगरे अझ कडा सैन्य कारबाही गरिने चेतावनी दिए । उनले भविष्यमा 'अझ तीव्र र हिंसक प्रतिक्रिया' दिन सकिने उल्लेख गरेका थिए ।

यसबीच इरानले अझै अन्तिम निर्णय नगरेको संकेत दिएको छ । इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले तेहरानले आफ्नो धारणा अन्तिम रूप दिएपछि मध्यस्थकर्ताको भूमिकामा रहेको पाकिस्तानलाई आधिकारिक जानकारी गराइने बताए । पाकिस्तानले अमेरिका र इरानबीचको तनाव कम गर्न केही सातायता सक्रिय पहल गर्दै आएको छ ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले बिहीबार युद्धविराम दीर्घकालीन शान्ति प्रक्रियामा रूपान्तरण हुन सक्ने विश्वास व्यक्त गरेको थियो । तर त्यसको केही घण्टामै समुद्री क्षेत्रमा फेरि भिडन्त सुरु भएपछि कूटनीतिक प्रयास कमजोर बनेको देखिएको छ ।

इरानभित्र पनि सर्वसाधारणमा गहिरो निराशा देखिएको छ । तेहरानका ४२ वर्षीय फोटोग्राफर सेरभिनले एएफपीसँग कुरा गर्दै कुनै पनि पक्ष वास्तविक सम्झौतामा पुग्ने मनस्थितिमा नरहेको टिप्पणी गरे । उनले अमेरिकी सैन्य गतिविधि निरन्तर बढिरहेको अवस्थामा वार्ताको वातावरण विश्वासयोग्य नरहेको धारणा व्यक्त गरे ।

इरान-अमेरिका तनावको असर लेबनानसम्म फैलिएको छ । दक्षिणी बेरुतमा इजरायली आक्रमणमा हिजबुल्लाहका एक कमाण्डर मारिएपछि त्यहाँको युद्धविराम पनि फेरि संकटमा परेको छ । अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले इजरायल र लेबनानबीच नयाँ चरणको वार्ता मे १४ र १५ मा हुने पुष्टि गरेका छन् । पछिल्ला महिनाहरूमा ती दुई देशबीच हुने यो तेस्रो औपचारिक वार्ता हो ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इजरायल-लेबनान शान्ति सम्झौता सम्भव रहेको बताउँदै हिजबुल्लाह नै सबैभन्दा ठूलो अवरोध बनेको टिप्पणी गरेको थियो । इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या भएपछि हिजबुल्लाहले इजरायलमाथि रकेट प्रहार गरेपछि लेबनान प्रत्यक्षरूपमा युद्धमा तानिएको थियो ।

युद्धविराम विस्तार गरिए पनि इजरायलले दक्षिणी लेबनानका केही क्षेत्रमा सैन्य उपस्थिति कायम राख्दै आएको छ । इजरायली सेनाले आफ्ना सैनिकमाथि आक्रमण गरेको आरोप लगाउँदै हिजबुल्लाहका संरचनामाथि आक्रमण जारी राखेको छ । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बिहीबार भएका इजरायली हवाई आक्रमणमा कम्तीमा १२ जनाको मृत्यु भएको छ ।

फेब्रुअरी २८ मा सुरु भएको अमेरिका-इजरायल र इरानबीचको युद्धपछि हर्मुज जलघाँटी क्षेत्र विश्वव्यापी व्यापार र ऊर्जा आपूर्तिका लागि सबैभन्दा जोखिमपूर्ण क्षेत्रमा परिणत भएको छ । संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय समुद्री संगठनका महासचिव आर्सेनियो डोमिंगेजका अनुसार द्वन्द्वका कारण करिब एक हजार ५०० जहाज र २० हजारभन्दा बढी अन्तर्राष्ट्रिय चालक दल खाडी क्षेत्रमा अलपत्र परेका छन् ।

व्यापारिक जहाजहरूको आवागमन सहज बनाउन अमेरिकाले केही समयअघि जलघाँटी खुला राख्ने उद्देश्यसहित सीमित नौसैनिक अभियान सुरु गरेको थियो । ट्रम्प प्रशासनले इरानसँगको सम्भावित सम्झौतालाई आधार बनाएर समुद्री मार्ग सुरक्षित बनाउने प्रयास गरिरहेको जनाएको छ । यसैबीच ट्रम्पले इरानविरुद्धको अभियानमा युरोपले पर्याप्त समर्थन नगरेको भन्दै आलोचना गरेका छन् । *रासस/एएफपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417,2297501|HaLMax¿Communication-Jamal Kathmandu,4224181,4245457,9841853198,(Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- | --- |
| | प्रति तोला – २९९९०० | प्रति तोला – ० | प्रति तोला – ५२७५ |



**गहुँ स्याहार्दै** | काठमाडौँको तारकेश्वर नगरपालिका-१० मनमैजुस्थित खेतमा शुक्रबार गहुँ काट्दै किसान । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न नयाँ ऐन ल्याइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव मदन भुजेलले सहकारी क्षेत्रमा देखिएका समस्या दीर्घकालीन रूपमा समाधान गर्नेगरी नयाँ सहकारी ऐन मस्यौदा सुरु गरिएको बताएका छन् ।

सहकारी पत्रकार समाजले शुक्रबार आयोजना गरेको 'सहकारी अध्यादेश र यसले पार्ने प्रभाव' विषयक अन्तरक्रियामा उनले अहिले तत्काल देखिएका समस्या समाधानका लागि मात्र अध्यादेश ल्याइएको जानकारी दिए । नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी 'ग्रे लिष्ट' मा परेको र त्यसबाट निस्कन पनि सहकारी क्षेत्रलाई नियमन गर्न आवश्यक रहेको सचिव भुजेलको भनाइ थियो । विभिन्न अध्ययन प्रतिवेदनको अध्ययनका आधारमा विषयगत संघको कारोबार बन्द गर्न लागिएको जानकारी पनि उनले दिए ।

राष्ट्रिय सहकारी महासंघका कार्यवाहक अध्यक्ष रमेशप्रसाद पोखरेलले सहकारी अध्यादेशमा अपुताली ऐनलाई टेकेर परिवारको परिभाषा गरिँदा व्यावहारिक नभएको बताए । सहकारी ऐनलाई पूर्णरूपमा कार्यान्वयन गर्न ४८ वटा ऐन बाधक रहेको उनको भनाइ थियो ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका कार्यकारी निर्देशक डा. पुष्पराज शाहीले नेपाल प्रहरीमा रहेको सिआइबी जस्तै युनिट बनाएर सहकारी क्षेत्रमा भएका अनियमितताको छानबिन गर्न लागिएको जानकारी दिए ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) का अध्यक्ष चन्द्रप्रसाद ढकालले सहकारीलाई स्तरीकरण गर्न काम गरिएको बताए । प्राधिकरणलाई प्रणालीले नै बलियो बनाउनुपर्ने भनाइ पनि उनको थियो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता प्रभात अधिकारीले सहकारी अध्यादेशसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै सहकारीलाई अनुगमन र सुपरीवेक्षण गर्ने निकायले पनि नहेर्दा अहिलेको समस्या आएको बताए । अध्यादेशले प्राधिकरणका काम, कर्तव्य र अधिकारलाई सबल बनाएकाले अब केही सुधार हुने उनको विश्वास थियो ।

# संसद् बैठक आह्वानसँगै बजेट लेखनको चटारो

■ रमेश लम्साल




**काठमाडौं–** सरकारले संघीय संसद्का दुवै सदनको बैठक आह्वान गरेसँगै आगामी आर्थिक वर्षको बजेट लेखनको आवश्यक तयारी पनि तीव्र पारिएको छ । यही वैशाख २८ गतेका लागि संघीय संसद्को बैठक बोलाइएको छ । वर्षे अधिवेशनका रूपमा लिइने यस अधिवेशनमा सरकारको नीति तथा कार्यक्रम र आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुन्छ ।

हरेक वर्ष जेठ १५ गते संघीय संसदको संयुक्त बैठकमा अर्थमन्त्रीले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने कार्यसूची रहँदै आएको छ । संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बजेट अधिवेशनका लागि आवश्यक तयारी भइरहेको जानकारी दिए । बजेट प्रस्तुत गर्ने समय नजिकिएपछि अर्थमन्त्री डा स्वर्णिम वाग्लेले छलफललाई तीव्र पारेका छन् । यसपटकको बजेटलाई रूपान्तरणकारी बनाउने सरकारको तयारी रहेको छ ।

मुलुकको अर्थतन्त्रलाई गति दिने र सुधारलाई नयाँ चरणमा लैजाने उद्देश्यका साथ अर्थमन्त्रीले विभागीयमन्त्री र सचिवहरूसँग छलफल गरिसक्नुभएको छ । सबै मन्त्री र सचिवहरूसँग एकसरो छलफल सकेर अर्थमन्त्री डा वाग्लेले सांसदहरू तथा अन्य सरोकारवालाहरूसँग छलफललाई तीव्र पारेका छन् । राष्ट्रिय योजना आयोगले आगामी आवका लागि रु १८ खर्ब ९० अर्बबराबरको बजेट सिलिङ तय गरेको छ । अर्थमन्त्री डा वाग्लेले गत चैत तेस्रो सातामा नै राजस्व व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव उत्तर खत्रीको संयोजकत्वमा बजेट लेखन समिति गठन गरेका थिए ।

सोही समितिले विनियोजन विधेयकको मस्यौदा तयार गर्ने काम गरिरहेको छ । समितिमा अर्थ मन्त्रालयका विभिन्न महाशाखा प्रमुखहरू सदस्य रहेका छन् । यसपटकको बजेट सन्तुलित र नयायोचित हुने भन्दै अर्थमन्त्रीले बजेट माग्न धेरै दौडधुप नगर्न सांसदहरूसँगको छलफलमा आग्रह गरेका छन् । सरकारले स-साना आयोजनामा बजेट विनियोजन नगर्ने स्पष्ट पार्दै अर्थमन्त्रीले धेरै दौडधुप नगर्न यसअघि नै आग्रह गरिसकेका छन् ।

बजेट निर्माणबारे अर्थमन्त्री वाग्लेसँग सांसदहरूले दुर्गम क्षेत्रलाई विशेष प्राथमिकतामा राख्न सांसदहरूले जोड दिएका छन् । अर्थमन्त्री वाग्लेले मन्त्रालयबाट आएका योजनाहरू आवश्यक अध्ययन गरेर बजेटमा समावेश गरिने बताउँदै आएका छन् । सरकारले अघि सारेका नीति तथा 'वाचापत्र'मा उल्लेख गरिएका प्रतिबद्धतालाई समेत आधार बनाएर बजेट तयार गरिने अर्थमन्त्रीको भनाइ रहँदै आएको छ ।

आगामी जेठ १५ गते प्रस्तुत हुने बजेट समग्र नेपाल केन्द्रित गर्ने सरकारको तयारी छ । बजेट निर्माण प्रक्रियालाई बढी व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउने उद्देश्य राखिएको छ ।

बजेटमा समावेश गरिने योजनाहरू सम्बन्धित मन्त्रालयबाटै आउनुपर्नेछ । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्रमा समावेश गरिएका विषयलाई प्रतिविम्बित गर्ने तयारी छ । बजेट विनियोजनलाई केन्द्र, प्रदेश र स्थानीय तहबीच स्पष्ट रूपमा छुट्याएर विकासलाई प्रभावकारी बनाइनेछ । यस्तै, दुर्गम तथा पिछडिएका क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्नुपर्नेमा जोड दिँदै संघीय मन्त्रालय धाउनुपर्ने पुरानो अभ्यास अन्त्य गर्नुपर्ने सुझावसमेत प्राप्त भएको छ ।

सांसदहरूले राखेका माग र प्रस्तावलाई लिखित रूपमा मन्त्रालयमै पठाइने र त्यसको प्राथमिकता सम्बन्धित मन्त्रालयले नै निर्धारण गर्ने व्यवस्था अघि सारिएको छ, जसले बजेट वितरण प्रक्रियालाई सहज र व्यवस्थित बनाउने अपेक्षा गरिएको छ ।

त्यसो त अर्थ मन्त्रालयले बजेटमा आवश्यक सुझाव दिन यसअघि नै आह्वान गरिसकेको छ । आम नागरिकले समेत बजेटमा सुझाव दिनसक्ने व्यवस्था गरिएको छ । निजी क्षेत्रका छाता संस्था, सरोकारवाला निकायहरूले समेत आवश्यक सुझाव तथा सल्लाह दिनेछन् । *रासस*

# नेप्से परिसूचक २७ अंकले बढ्यो




**काठमाडौं (प्रस)–** यो साता कारोबारको अन्तिम दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७ दशमलव ४९ अंकले बढेर दुई हजार ७४५ दशमलव ६५ बिन्दुमा कायम भएको छ । यो एक दशमलव ०१ प्रतिशतको वृद्धि हो ।

३३५ कम्पनीको ७४ लाख ७८ हजार ५६२ कित्ता सेयर ५३ हजार १४ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब २८ करोड ६८ लाख ७० हजार ५५९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ । बैंकिङ समूह शून्य दशमलव ६७, विकास बैंक शून्य दशमलव ९५, वित्त एक दशमलव ८७, होटल तथा पर्यटन एक दशमलव ४८, जलविद्युत् एक दशमलव ७१, लगानी एक दशमलव १०, जीवन बीमा शून्य दशमलव ६२ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ४० प्रतिशतले बढेको छ । त्यस्तै, लघुवित्त समूह शून्य दशमलव १६, म्युचुअल फन्ड शून्य दशमलव ५५, निर्जीवन बीमा समूह एक दशमलव ५२ र अन्य समूह एक दशमलव १३ प्रतिशतले बढेको नेप्से जनाएको छ ।

त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै १० प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ५४ प्रतिशतले घटेको छ ।

# आफ्नै परखेरामा 'सुन' फलाउँदै छन् किसान

■ नवीन रिजाल

**दैलेख–** सपनाको खेती गर्न सात समुद्र पार गरेर परदेशको तातो बालुवामा पसिना बगाउन जाने युवाहरूको लर्को लागिरहेका बेला दैलेखको गुराँस गाउँपालिकाका कृषकहरूले भने आफ्नै पाखा-पखेरामा 'सुन' फलाएर मुलुकलाई नै नयाँ सन्देश दिएका छन् ।

कुनै समय बाँझो रहेका, काँडाघारीले भरिएका र केबल घाँस-दाउरामा मात्रै सीमित यहाँका राता माटाका गहहरू अहिले लटरम्म फलेका सुन्तला र दानादार आलुका कारण पहेँलपुर र मनमोहक देखिएका छन् । आफ्नै माटोको सुगन्धमा रमाउँदै यहाँका किसानहरूले करोडौँको आम्दानी गरेर गाउँमा खुसीको रङ भरेका छन् ।

वैदेशिक रोजगारीको मृगतृष्णालाई तिलाञ्जली दिएर माटोसँग अटुट साइनो गाँस्नुभएका गुराँस गाउँपालिकाका १८ जना जाँगरिला कृषकहरूको समूहले यतिबेला जिल्लामै ठूलो कृषि क्रान्ति ल्याएका छन् । वार्षिक करिब रु तीन करोडभन्दा बढी आम्दानी गाउँमै भित्र्याएर उनीहरूले कृषिलाई निर्वाहमुखी पेशा मात्र नबनाई सम्मानित र आकर्षक व्यवसायका रूपमा स्थापित गरेका छन् ।

यस कृषि अभियानका एक सशक्त र बलिया खम्बा हुन्, गुराँस गाउँपालिका-६ का कृष्ण आरसी । उनलाई देख्दा लाग्छ, यदि मानिसमा अठोट, धैर्यता र जाँगर हुने हो भने माटोले कहिल्यै कसैलाई धोका दिँदैन । आरसीले यस वर्ष मात्रै सबै लगानी र खेतीको खर्च कटाएर २७ लाख रूपैयाँ चोखो नाफा आर्जन गरेका छन् । यो सफलताको पछाडि उनको अहोरात्रको खटाइ र माटोसँगको अनन्य प्रेम लुकेको छ ।

उनले यस वर्ष मात्रै २०० क्विन्टल सुन्तला प्रतिकिलो रु ८० का दरले बिक्री गरी रु १६ लाख आम्दानी गर्न सक्षम भए । त्यति मात्र होइन, आलु र अन्य फलफूल खेतीबाट रु १२ लाख प्राप्त गरे । उनले फलफूल र तरकारी मात्र नभई तिनका बीउ बिक्री गरेर पनि आम्दानी गरेका छन् । करिब ३० रोपनी जग्गालाई हराभरा व्यावसायिक कृषि फार्ममा बदलेका आरसीले यसै वर्ष कृषि विकास कार्यालयलाई रु पाँच लाख र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनालाई रु १० लाख बराबरको उच्च गुणस्तरको बीउ बिक्री गरेका छन् । उनको सफलताको चर्चा अहिले गाउँदेखि सहरसम्म हुने गरेको छ ।

आफ्नो सफलताको सूत्र सुनाउँदै आरसी भन्छन्, 'विदेश जाने भनेको गाउँमै बसेर काम गर्न नचाहने वा आफ्नै देशको माटोको शक्ति नबुझेर मात्रै हो । जाँगर चलाउने हो भने यहीँको माटोमा सुन फल्छ ।' यही माटोको कमाइले सुर्खेतमा भव्य घर, १० वटा घडेरी र दुईवटा गाडी जोड्न उनी सफल भएका छन् । यो कुनै पनि देशको रोजगारीको कमाइभन्दा कम छैन । उनले कृषि विकास कार्यालयले फलफूल बगैँचा स्थापनादेखि सिँचाइका पोखरी र पाइपलाइनसम्म पुऱ्याएको प्राविधिक र आर्थिक सहयोगको खुलेर प्रशंसा गरेका छन् ।

गुराँस गाउँपालिका-५ मा रहेको लहरा बस्ती अहिले आलुको बीउको लागि जिल्लाभर मात्र नभई कर्णाली प्रदेशमै प्रसिद्ध छ । यहाँ उत्पादन हुने बीउको गुणस्तर राम्रो भएकाले कृषकहरूले बजार खोज्दै भौँतारिनुपर्ने अवस्था छैन, बरु ग्राहकहरू खेतमै आइपुग्छन् । विगत २२ वर्षदेखि यही माटोमा रमाउँदै आएकी प्रतीक्षा राना बिसीको अनुभवमा यहाँको बीउको माग दैलेखका ११ वटै स्थानीय तहमा उच्च छ । उनले वार्षिक १७ क्विन्टल बीउ आलु रोप्छन्, जसबाट ८० देखि ९० क्विन्टलसम्म उत्पादन लिने गरेका छन् ।

> “कुनै समय बाँझो रहेका, काँडाघारीले भरिएका र केबल घाँस-दाउरामा मात्रै सीमित यहाँका राता माटाका गहहरू अहिले लटरम्म फलेका सुन्तला र दानादार आलुका कारण पहेँलपुर र मनमोहक देखिएका छन् । आफ्नै माटोको सुगन्धमा रमाउँदै यहाँका किसानहरूले करोडौँको आम्दानी गरेर गाउँमा खुसीको रङ भरेका छन् ।

आलुसँगै उनले काउली, बन्दा र केराउ खेतीलाई पनि व्यावसायिक रूपमा अगाडि बढाएकी छन्, यसबाट वार्षिक रु १० लाखभन्दा बढी आम्दानी हुने गरेको छ । सफलताका बीच केही भौतिक चुनौतीहरू बाँकी रहेको उनले बताइन् । बिसीले भनिन्, 'हाम्रो उत्पादनलाई सबैले राम्रो मान्नुहुन्छ, तर उत्पादन बोकेर गाडी पुग्ने सडकसम्म पुऱ्याउन निकै सास्ती छ । सडक र सिँचाइको उचित प्रबन्ध भइदिए हामी उत्पादनलाई अझै व्यापक बनाउने थियौँ ।'

किसानहरूको यो लोभलाग्दो मिहनत र गाउँमै भइरहेको आम्दानीको चर्चा चुलिएपछि कर्णाली प्रदेश सरकारका सामाजिक विकास समितिका सभापति पूर्णबहादुर खत्रीले यही वैशाख १२ गते लहरा बस्तीको स्थलगत अनुगमन गरेका थिए । किसानहरूले आफ्नै गाउँमा उदाहरणीय काम गरेको थाहा पाउनासाथ उनी जिल्लाका कृषिसँग सम्बन्धित सरोकारवाला निकाय, प्राविधिक र विज्ञहरूको टोली लिएर किसानको खेतबारीमै पुगेका थिए ।

अनुगमनका क्रममा किसानहरूका समस्या, गुनासो र मागहरूलाई नजिकबाट सुनेका सभापति खत्रीले किसानहरूको मेहेनत देख्दा आफू निकै प्रभावित भएको बताए । उनले भने, 'तपाईंहरूले जमिनलाई सुनमा बदल्नुभएको छ, यो सिङ्गो कर्णालीका लागि गौरवको विषय हो ।' किसानका कुरा सुनिसकेपछि उनले कृषिका पूर्वाधार, सडक र सिँचाइमा देखिएका समस्या समाधान गर्न आफूले प्रदेश सरकारको तर्फबाट सकेसम्म पहल गर्ने र वास्तविक किसानको पसिनाको कदर हुने गरी योजनाहरू ल्याउने प्रयास गर्ने प्रतिबद्धता जनाए ।

बीउ आलु उत्पादनमा अर्का चम्किला पात्र हुनुहुन्छ, सोही गाउँका विराज राना । उनले सरकारी कार्यालय र विभिन्न कृषि परियोजनाहरूलाई मात्रै लाखौँको बीउ बिक्री गर्छन् । उनको वार्षिक कारोबार करिब रु ३५ लाख बराबरको छ ।

त्यसैगरी, विगत २५ वर्षदेखि निरन्तर कृषि कर्ममा होमिएका विनोदबहादुर रोकायको कथा पनि उत्तिकै प्रेरणादायी छ । सुन्तला र आलुको मिश्रित खेतीबाट उनले वार्षिक रु १० लाखभन्दा बढी बचत गर्छन् । उनले विगतका दुःखका दिनहरू सम्झँदै भने, 'पहिले हामी बीउका लागि महँगो मूल्य तिरेर नेपालगञ्ज धाउनुपर्थ्यो तर अहिले हामी आफैँले गाउँमै सस्तो र गुणस्तरीय बीउ उत्पादन गरेर अरूलाई वितरण गरिरहेका छौँ, यसले हामीलाई आत्मसन्तुष्टि दिएको छ ।' रोकायले पनि कृषिकै आम्दानीबाट सुर्खेतमा घर र सात वटा घडेरी जोड्न सफल भएको जानकारी दिए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ